# बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
१ नं.-प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मितिः- २०७९/०४/२०

यस बाह्रदशी गाउँ कार्यपालिकाको मिति २०७९।०४।२० गतेको निर्णयबाट आ.व ०७९।०८० (१ वर्ष) मा संकलन गरिने राजगढ बजार फोहोर मैला उठाई विर्सजन गर्ने न्यूनतम कबोल अंक निर्धारण भए बमोजिम देहायका ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले देहायको शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न यो ७(सात) दिने सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

ठेक्काको विवरण

| सि.न | ठेक्का नं | ठेक्का विवरण | न्यूनतम कबोल अंक | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र फारम खरिदगर्ने अन्तिम मिति | शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | शिलबन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ठे.नं १ | राजगढ बजार हप्तामा शनिबार र मंगलबार २ पटकका दरले फोहोर मैला उठाई तोकिएको स्थानमा विर्सजन गर्न (लोड अनलोड सहित) | ३,७७,५२०।- | १०००।- | २०७९।०४।२६ गते कार्यालय समयभित्र | २०७९।०४।२७ गते१२:०० बजे सम्म | २०७९।०४।२७ गते २:०० बजे पछि |

नोटः- शर्तहरु तथा अन्य विस्तृत जानकारीका लागि बाह्रदशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको सूचना पाटी, वेभसाइटः-www.bahradashimun.gov.np वा कार्यालय समयभित्र कार्यालय समेत सम्पर्क गर्न सक्नुहुनेछ ।

०७९।४।२०

.............................

खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

## शर्तहरु

१. खरिद भएका शिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिउसो १२:०० बजेभित्र दर्ता गराउनु पर्नेछ। तोकेको मिति तथा समयभन्दा पछि बझाएको शिलबन्दी दरभाउपत्र स्विकार गरिने छैन। सोही दिनको २:०० बजे उपस्थित भएका दरभाउपत्र दाता वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा शिलबन्दी दरभाउपत्र खोलिनेछ। शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

२. शिलबन्दी दरभाउपत्र को बाहिर खाममा कार्यालयलाई सम्बोधन गरी आवेदकको नाम, ठेगाना, कामको विवरण र फोन नं स्पष्ट उल्लेख गरि फर्मको छाप लगाई लाहाछापद्धारा शिलबन्दी गरि शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।

३. शिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित कवोल अंकको ५% धरौटी रकम यस कार्यालयको माछापुच्छ्रे बैंड्क, राजगढ स्थित धरौटी खाता नं. ०८३००८७०५००००६२ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचरको दोश्रो प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट जारी भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

४. शिलबन्दी दरभाउपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। केरमेट भएको स्थानमा दस्तखत र छाप नभएमा मान्यता दिइने छैन।

५. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। मनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको शिलबन्दी दरभाउपत्र खरिदकर्तालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ।

६. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

७. ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा गाउँपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ। अन्य विभिन्न विषयमा गाउँपालिकाले दिएको निर्देशन अनिवार्य रुपमा पालना गनुपर्नेछ।

८. गाउँपालिकालाई रकम वुझाउनु पर्ने बाँकी वक्यौता भएका फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म निजको शिलबन्दी दरभाउपत्र स्वीकृत गरिने छैन।

९. ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। बीचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट कबुल रकममा १०% व्याज जोडी असुल उपर गरिने छ।

१०. ठेक्का अवधि २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्तसम्म १ (एक) वर्षको हुनेछ।

११. शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ।

१२. कुनै पनि शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र माथि कारवाही हुने छैन।

१३. माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु प्रचलित कानून तथा गाउँपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन।

१४. यस कार्यालयको छाप र कार्यालय प्रमुख र निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिईनेछैन।

१५. गैरकानुनी रुपले सम्झौता विपरित कार्य गरेमा ठेक्का तोडी सम्पूर्ण हर्जना तिराई कालो सूचीमा राख्ने तर्फ कार्यवाही चलाईनेछ।

१६. सुचना अवधिमा कुनै परिपत्र, निर्देशन तथा निर्णय भई सूचना संशोधन तथा थपघट गर्नु परेमा सार्वजनिक सूचना गरी जानकारी गराईनेछ।

१७. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१८. अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

२१. फोहोर संकलन गर्ने ,लोड अनलोड गर्ने, फोहोर संकलन र विसर्जन गर्दा प्रयोग हुने सम्पूर्ण श्रोत साधन ठेक्क स्विकार गर्ने व्यक्ति फर्म वा संस्थाको पूर्ण जिम्मेवारी मा हुने छ।

.......................................

**खेमराज थापा**

**प्रमुख प्रशासकीय अधिकृत**

CS CamScanner